श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालयको

## सूचना

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको सरकारी कर्मचारीलाई देहायबमोजिम पदेन सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता नियुक्ति गरेको छः–

१. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको अनुपस्थितिमा निजले प्रयोग गर्ने पाउने अधिकार र पालन गर्नु पर्ने कर्तव्य सबै प्रयोग र पालन गर्नको लागि र निज उपस्थित रहे पनि कामको भिडले वा कुनै मुद्दाको मौका तहकिकात वा सरजमिन गर्ने काममा गएको वा जानु पर्ने भई उपलब्ध नहुनेमा अर्को मुद्दाको तहकिक वा सरजमिन गर्ने कामका लागि क्रमशः–

(क) सो सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता रहेको सरकारी कार्यालयको सबै ना. सु. तथा खरदार,

(ख) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता रहेको सरकारी कार्यालयको सबै ना. सु. वा खरदार

(ग) सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको सबै ना. सु. तथा खरदार

(घ) सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयको सबै ना. सु. तथा खरदार

(ङ) जिल्ला सरकारी वकील कार्यालय नै नरहेको जिल्लामा श्री ५ को सरकार जिल्ला कार्यालयको ना. सु. वा खरदारमध्ये प्रमुख जिल्ला अधिकारीले तोकेको ना. सु. वा खरदार

(च) माथि खण्डहरूमा जुन सुकै कुरा लेखिएको भए तापनि स्टोरकीपर र टाइपिष्टहरू पदेन हुने छैनन्।

२. दफा (१) बमोजिम पदेन काम गर्दा गराउँदा क्रमानुसार माथिल्लो खण्डमा तोकिएको कर्मचारी उपलब्ध भएसम्म तल्लो खण्डमा परेको कर्मचारीले पदेन काम गर्ने छैन तर जिल्ला सरकारी वकील कार्यालयनै नरहेको जिल्लामा श्री ५ को सर जिल्ला कार्यालयको ना. सु. वा खरदारमध्येबाट प्रमुख जिल्ला अधिकारीले पदेन तोक्न यसले बाधा गर्ने छैन।

३. यसअघि भएको पदेन सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको नियुक्तिसम्बन्धी मिति वैशाख १ गते २०३२ सालमा नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनालाई खारेज गरिएको छ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C00